आज मिति २०८२ साल पौष २४ गते बिहिबार दिनको १:०० बजे रुरुक्षेत्र गाउँपालिका गाउँ सभाको १९औं अधिबेसनको पहिलो बैठक सभाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितीमा बसी निम्न निर्णयहरु गरियो ।

**तपसिल**

अध्यक्ष- श्री यदु ज्ञवाली

उपाध्यक्ष- श्री मिना देवी गौतम

सदस्य- श्री नवराज वि.के.

सदस्य- श्री घनश्याम अर्याल

सदस्य- श्री शेषनारायण पौडेल

सदस्य- श्री मोती प्रसाद श्रेष्ठ

सदस्य- श्री हरि प्रसाद ज्ञवाली

सदस्य- श्री रोमनाथ पौड्याल

सदस्य- श्री लक्ष्मी भट्टराई

सदस्य- श्री हरिकला वराल क्षेत्री

सदस्य- श्री राजकुमारी शाही

सदस्य- श्री बुद्धिमती लामिछाने

सदस्य- श्री दुर्गा विश्वकर्मा

सदस्य- श्री मिना कुमारी नेपाली

सदस्य- श्री लक्ष्मी सुनार

सदस्य- श्री सिता कामी

सदस्य- श्री कमला सार्की

सदस्य- श्री ममता आत्रेय

सदस्य- श्री आशा दमाई

सदस्य- श्री कृष्ण नेपाली

सदस्य- श्री विष्णु खत्री राणा

सदस्य- श्री मिना ज्ञवाली उपाध्याय

सदस्य- श्री घनश्याम ज्ञवाली

सदस्य- श्री शुशिल कुमार श्रेष्ठ

सदस्य- श्री थर्क बहादुर कुँवर

सदस्य- श्री हुम बहादुर कुँवर

सदस्य- श्री कमल प्रसाद ज्ञवाली

सदस्य- श्री तेज बहादुर राना

सदस्य- श्री थान प्रसाद श्रेष्ठ

सदस्य- श्री माधव खड्का

सदस्य- श्री राजकुमार श्रेष्ठ

सदस्य- श्री सिद्धिनाथ श्रेष्ठ

सदस्य- श्री उम बहादुर काला

सदस्य- श्री ज्ञान बहादुर काला (थापा)

सचिव- श्री दिनेश ज्ञवाली (प्र.प्र.अ.)

**कर्मचारीहरु:**

श्री इन्द्रदेव पौडेल (जनस्वास्थ्य अधिकृत)

श्री हेम बहादुर कार्की (सहायक लेखा अधिकृत)

श्री दामोदर ज्ञवाली (सहायक कम्प्युटर अधिकृत)

श्री कमल लम्साल (सहायक प्रशासकीय अधिकृत)

श्री शंकर प्रसाद मण्डल (प्राविधिक अधिकृत)

श्री विष्णु बहादुर रेश्मी (रोजगार संयोजक)

श्री केशव पौडेल (सूचना प्रविधि अधिकृत)

श्री राम प्रसाद ज्ञवाली (ना.सु.)

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

रुरुक्षेत्र गाउँपालिका

# गाउँसभा

## उन्नाईसौं अधिवेशन

## कार्यसूची र समय तालिका

बैठक संख्याः ०१

अध्यक्षताः अध्यक्ष श्री यदु ज्ञवाली

बैठक स्थानः गाउँपालिकाको सभाहल

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२/०९/२४ | दिनको १:०० बजे | रुरुक्षेत्र गाउँपालिकाको आ.व. ८२/८३ को यस अवधि सम्मको प्रगति प्रतिवेदन र बजेट संशोधन सभा समक्ष पेश | सभाध्यक्ष | |
| | दिनको १:३० बजे | तपसिल बमोजिमका विधेयक र कार्यविधी छलफलको लागि सभा समक्ष पेश<br>क) रुरुक्षेत्र गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०८२<br>ख) गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यबिधि, २०८२<br>ग) सार्वजनिक निजी साझेदारी विधेयक, २०८२ | विधायन समिति संयोजक | |

(दिनेश ज्ञवाली)

सचिव

आज मिति २०८२ साल पौष २८ गते सोमबार दिनको १:०० बजे रुरुक्षेत्र गाउँपालिका गाउँ सभाको १९औं अधिबेसनको दोस्रो बैठक सभाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितीमा बसी निम्न निर्णयहरु गरियो ।

**तपसिल**

अध्यक्ष- श्री यदु ज्ञवाली

उपाध्यक्ष- श्री मिना देवी गौतम

सदस्य- श्री नवराज वि.के.

सदस्य- श्री घनश्याम अर्याल

सदस्य- श्री शेषनारायण पौडेल

सदस्य- श्री मोती प्रसाद श्रेष्ठ

सदस्य- श्री हरि प्रसाद ज्ञवाली

सदस्य- श्री रोमनाथ पौड्याल

सदस्य- श्री लक्ष्मी भट्टराई

सदस्य- श्री हरिकला वराल क्षेत्री

सदस्य- श्री राजकुमारी शाही

सदस्य- श्री बुद्धिमती लामिछाने

सदस्य- श्री दुर्गा विश्वकर्मा

सदस्य- श्री मिना कुमारी नेपाली

सदस्य- श्री लक्ष्मी सुनार

सदस्य- श्री सिता कामी

सदस्य- श्री कमला सार्की

सदस्य- श्री ममता आत्रेय

सदस्य- श्री आशा दमाई

सदस्य- श्री कृष्ण नेपाली

सदस्य- श्री विष्णु खत्री राणा

सदस्य- श्री मिना ज्ञवाली उपाध्याय

सदस्य- श्री घनश्याम ज्ञवाली

सदस्य- श्री शुशिल कुमार श्रेष्ठ

सदस्य- श्री थर्क बहादुर कुँवर

सदस्य- श्री हुम बहादुर कुँवर

सदस्य- श्री कमल प्रसाद ज्ञवाली

सदस्य- श्री तेज बहादुर राना

सदस्य- श्री थान प्रसाद श्रेष्ठ

सदस्य- श्री माधव खड्का

सदस्य- श्री राजकुमार श्रेष्ठ

सदस्य- श्री सिद्धिनाथ श्रेष्ठ

सदस्य- श्री उम बहादुर काला

सदस्य- श्री ज्ञान बहादुर काला (थापा)

सचिव- श्री दिनेश ज्ञवाली (प्र.प्र.अ.)

<u>कर्मचारीहरुः</u>

श्री इन्द्रदेव पौडेल (जनस्वास्थ्य अधिकृत)

श्री हेम बहादुर कार्की (सहायक लेखा अधिकृत)

श्री दामोदर ज्ञवाली (सहायक कम्प्युटर अधिकृत)

श्री कमल लम्साल (सहायक प्रशासकीय अधिकृत)

श्री शंकर प्रसाद मण्डल (प्राविधिक अधिकृत)

श्री विष्णु बहादुर रेश्मी (रोजगार संयोजक)

श्री केशव पौडेल (सूचना प्रविधि अधिकृत)

श्री राम प्रसाद ज्ञवाली (ना.सु.)

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

रुरुक्षेत्र गाउँपालिका

# गाउँसभा

## उन्नाईसौं अधिवेशन

## कार्यसूची र समय तालिका

बैठक संख्या: ०२

अध्यक्षता: अध्यक्ष श्री यदु ज्ञवाली

बैठक स्थान: गाउँपालिकाको सभाहल

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२/०९/२८ | दिनको १:०० बजे | रुरुक्षेत्र गाउँपालिकाको आ.व. ०८२/०८३ को यस अवधि सम्मको प्रगति प्रतिवेदन र बजेट संशोधन छलफल र स्वीकृतिको लागि सभा समक्ष पेश | सभाध्यक्ष | |
| | दिनको १:३० बजे | रुरुक्षेत्र गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०८२ छलफल र स्वीकृतिको लागि सभा समक्ष पेश | सभाध्यक्ष | |
| | दिनको २:०० बजे | रुरुक्षेत्र गाउँपालिका, गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यबिधि, २०८२ छलफल र स्वीकृतिको लागि सभा समक्ष पेश | सभाध्यक्ष | |
| | दिनको २:३० बजे | सार्वजनिक निजी साझेदारी विधेयक, २०८२ छलफल र स्वीकृतिको लागि सभा समक्ष पेश | सभाध्यक्ष | |
| | दिनको ३:०० बजे | शुन्य समय (कार्यालयको समसामयिक विषयमा छलफल) | सभाध्यक्ष | |

(दिनेश ज्ञवाली)

सचिव

**मिति २०८२ साल पुष २८ गते बसेको १९ औं गाँउसभाको दोस्रो बैठकका निर्णयहरु:**

निर्णय नं. १ : मिति २०८२ पौष २४ गते १९ औं गाउँसभाको पहिलो बैठकमा सभाका अध्यक्षबाट रुरुक्षेत्र गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमको कार्यान्वयनको समिक्षा र कार्यक्रम तथा बजेट संशोधनका लागि सभा समक्ष पेश भएकोमा सभामा छलफल पश्चात देहाय बमोजिमको नीति तथा कार्यक्रम कार्यान्वयनको समिक्षा र बजेट तथा कार्यक्रम संशोधन सर्वसम्वतरुपमा सभाबाट पारित गरियो ।

**रुरुक्षेत्र गाउँपालिका**

**गाउँसभाको उन्नाइसौं अधिवेशनमा गाउँपालिका अध्यक्षको सम्बोधन**

गाउँसभाका सबै सदस्यज्यूहरु,

रुरुक्षेत्र गाउँपालिकाको गाउँ सभाको उन्नाइसौं अधिवेशनको गरिमामय सभामा उपस्थित सम्पूर्ण सभा सदस्यज्यूहरुलाई गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु । रुरुक्षेत्र गाउँपालिकाको अध्यक्षको हैसियतमा चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका योजना, कार्यक्रमहरु थप तथा बजेट संशोधनको लागि आव्हान गरिएको यस सभामा सम्बोधन गर्न पाउँदा अत्यन्त हर्षित भएको छु ।

जनताको त्याग, संघर्ष र बलिदानबाट प्रास उपलब्धीबाट २०७२ सालमा संघीय गणतान्त्रिक शासन व्यवस्था सहितको नेपालको संविधान जारी भए पश्चात् जनताको नजिकको सरकारको रुपमा स्थानीय सरकारहरु कृयाशिल रहेका छन् । स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा बनाउन सक्ने विभिन्न योजनाहरु तथा बजेटलाई संशोधन गर्ने, पेश गर्ने तथा यथेष्ट छलफल पश्चातः पारित गरी कार्यान्वयनमा ल्याउने यस गरिमामय क्षणमा म गाउँसभाका सदस्यहरु, गाउँपालिकाका राजनीतिक दल, समाजसेवी एवं राष्ट्रसेवकहरुको योगदानको उच्च मूल्याङ्कन गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरेको **"सिंहदरबारको अधिकार गाउँगाउँमा"** भन्ने राज्यको मुल नारालाई जनमानसमा पुऱ्याउन स्थानीय सरकारको तर्फबाट अधिकतम प्रयास गरीरहेका छौं । हामीले चालु आ.व. ०८२/०८३ मा कार्यान्वयनमा ल्याएको नीति, कार्यक्रम र बजेटलाई आवश्यक संशोधन गरी सम्पन्न गर्न बाँकी रहेका योजनाहरु तोकिएको समयमै सम्पन्न गर्न विभिन्न योजनाहरु तथा बजेटलाई यस सभाबाट सर्वसम्मत रुपमा पारित गर्न उपस्थित भएका छौं ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार तयार भएका विभिन्न योजना तथा बजेटलाई कार्यान्वयनका चरणमा देखिएका विभिन्न समस्याहरुलाई समयमै संशोधन गरी उपयुक्त योजना तथा कार्यक्रमहरुमा बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याउन व्यापक रुपमा छलफल गरी यसै साथ संलग्न अनुसूचीमा उल्लेखित योजनाहरु संशोधन तथा थप गर्न मिति २०८२।०९।१६ गतेको कार्यपालिकाको बैठकबाट निर्णय भए अनुसारको कार्यसूचीलाई मिति २०८२।०९।२३ गतेको कार्यपालिकाबाट स्वीकृत गरी आजको यस सम्मानित सभाको कार्यसूचिमा राखिएको छ जुन यस सभाबाट सर्वसहमतिमा पारित हुनेछन् भन्ने आशा तथा विश्वास व्यक्त गर्न चाहान्छु ।

**गाउँसभाका सदस्यज्यूहरु**

कानूनी राज्यको अभ्यास भएको मुलुकमा कानून अत्यन्त आवश्यक हतियार हो त्यसैले रुरुक्षेत्र गाउँपालिकाले कानूनी राज्यको परिकल्पना गरि आवश्यक कार्यहरु गरिरहेको छ । सम्पूर्ण सभा सदस्यज्यूहरुले यसमा अर्थपूर्ण सहभागिता जनाई छलफलमा भाग लिइ आफ्नो कानून आफै बनाउने कार्यमा सफलता प्राप्त गर्नुहुनेछ भन्ने आशा तथा विश्वासका साथ म अब रुरुक्षेत्र गाउँपालिकामा चालु आर्थिक वर्षमा हालसम्म भएका प्रगति तथा वर्तमान समयमा रहेका समस्या तथां चुनौतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**हाल सम्मको बजेट तथा खर्च विवरण**

कुल संशोधित बजेट : ५५ करोड ६६ लाख १९ हजार ९८७

पूँजीगत बजेट : १८ करोड ५२ लाख ९ हजार

चालु बजेट : ३७ करोड १४ लाख ११ हजार

**हाल सम्मको खर्च विवरण**

पूँजीगत बजेट खर्च : ९५ लाख ३९ हजार (५.१५ प्रतिशत)

चालू बजेट खर्च : ८ करोड ७६ लाख ८१ हजार (२३.६१ प्रतिशत)

कुल बजेट खर्चः ९ करोड ७२ लाख २० हजार (१७.४६ प्रतिशत)

प्रकोप व्यवस्थापन कोष बजेट : १२ लाख ४७ हजार

विविध खर्च खाता कोष बजेट : १४ लाख ४० हजार

## न्यायीक समिति सम्बन्धी कार्यहरु

संविधानमा व्यवस्था भएको प्रावधान अनुसार यस गाउँपालिकाका उपाध्यक्ष्यज्यूको संयोजकत्वमा गठन भएको न्यायीक समितिले गरेका कार्य प्रगति सबै भन्दा पहिला राख्न चाहान्छु ।

हालसम्म यस गाउँपालिकाको न्यायीक समितिमा २ वटा निवेदन दर्ता भएको । जसमा १ वटा अभद्र व्यवहार सम्बन्धी र १ वटा अंशवण्डा सम्बन्धी निवेदन दर्ता भएको, अभद्र व्यवहार सम्बन्धी निवेदन ईलाका प्रहरी कार्यालय रिडीमा पठाइएको र अंशवण्डा सम्बन्धी निवेदन छलफलको प्रकृयामा रहेको ।

**हाल सम्मका मुख्य मुख्य प्रगतिहरु:**

**क) सामाजिक विकास तर्फ**

अ) स्वास्थ्य

- सुखी र समृद्ध रुरुक्षेत्र बनाउने अभियान अन्तर्गत गाउँपालिकाको आम नागरिकलाई गुणस्तरीय र सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन रुरु प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ शैयाको अस्पताल निर्माणको लागि १४ करोड ४२ लाख ८२ हजारमा ६ सय ५९ रुपैयामा सम्झौता गरी निर्माण कार्य अन्तिम चरणमा रहेको छ । यसै आर्थिक बर्षको अन्त्य सम्ममा सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी संचालनको लागि पहल गरिएको ।
- गाउँपालिकाका नागरिकहरुलाई प्रसुती सेवाको लागि तथा अशक्त असाहय र विपन्न नागरिकहरुलाई आकस्मिक उपचारको लागि निःशुल्क एम्बुलेन्सको सेवा उपलब्ध गराईएको छ ।
- गाउँपालिकाका सबै नागरिकको आकस्मिक स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन २ वटा एम्बुलेन्स संचालन गरि स्वास्थ्यकर्मीहरुलाई सोही बमोजिम उत्प्रेरित बनाईएको साथै रुरु प्राथमिक स्वास्थ्य केन्द्रको लागि स्वास्थ्य केन्द्र र गाँउपालिकाको साझेदारीमा थप १ वटा एम्बुलेन्स खरिदको प्रक्रिया अगाडि बढाइएको ।
- गाउँपालिकाका नागरिकहरुको स्वास्थ्यमा ख्याल गर्दै विभिन्न ल्याब रिपोर्टहरु स्थानीय स्वास्थ्य चौकीबाटै प्राप्त गर्ने गरी बलेटक्सार, बम्घा, ग्वादी र रिमुवामा प्रयोगशाला सेवा संचालन गरिदै आएकोमा यस आर्थिक बर्षदेखि थानपति स्वास्थ्य चौकीमा समेत ल्याव सेवा विस्तार गरि सबै वडाका स्वास्थ्य संस्थाहरुबाट प्रयोगशाला सेवा उपलब्ध गराईएको ।
- स्वास्थ्य संस्थाहरुमा वर्षभरी नै नागरिकहरुलाई निःशुल्क रुपमा नियमित औषधी उपलब्ध गराउनको लागि टेण्डर आव्हान गरी औषधी खरिद सम्झौता अनुसार औषधीको आपूर्ति गर्ने व्यवस्था

मिलाईएको । साथै रिडीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको लागि समेत बोलपत्र आव्हान गरी रु १ करोड ५० लाखको औषधी खरिद प्रक्रिया अगाडि बढाइएको ।

- गाउँपालिकाका नागरिकहरुको मोतियाविन्दुको निशुल्क शल्यक्रियाको लागि नेपाल नेत्रज्योती संघ जिल्ला शाखा गुल्मीसँग सम्झौता गरि निशुल्क शल्यक्रियाको व्यवस्था मिलाईएको छ साथै गाउँपालिकाका नागरिकले आँखा उपचारको लागि तम्घास / पाल्पा जानुपर्ने बाध्यतालाई हटाउन गाउँपालिकाको रिडी बजारमा प्राथमिक आँखा उपचार केन्द्र संचालनमा रहेको ।
- मोतियाविन्दुको वडागत स्क्रिनिङ कार्यक्रम सम्पन्न गरी रुरु प्राथमिक स्वास्थ्य केन्द्रमा दुई दिने निःशूल्क मोतियाविन्दु अप्रेसन सिविर सञ्चालन गरि १७४ जनाको आखाँ जाँच गरी २६ जना व्यक्तिको मोतियाविन्दु अप्रेसन गरिएको ।
- पोषण, प्रजनन् स्वास्थ्य लगायत अन्य स्वास्थ्य सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा कक्षाहरु विद्यालयमा संचालन गरिएको ।
- गाउँपालिकाका नागरिकहरुलाई स्वास्थ्य उपचारको लागि निःशुल्क रगत उपलब्ध गराउन रक्त संचार केन्द्र बुटवलसँग सम्झौता गरि निशुल्क रगत उपलब्ध हुने व्यवस्था मिलाइएको साथै चितवन र काठमाण्डौका रेडक्रससँग सम्झौताको चरणमा रहेको ।
- गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन जेष्ठ तथा अशक्त नागरिकहरुको घरघरमा स्वास्थ्य परिक्षण गर्ने कार्य गरिएको ।
- रुरुक्षेत्र गाँउपालिका भित्रका सुत्केरी आमाहरुलाई घरमै पुगि सुत्केरी पोषण प्याकेज वितरण कार्यक्रम नियमित रुपमा गरिएको ।
- महिला स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्नको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका पेन्सन योजना कार्यक्रमलाई नियमितता दिइएको ।

**आ) शिक्षा युवा तथा खेलकुद :**

- कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयनमा ल्याईएको ।
- शिक्षामा सबै नागरिकको पहुँच पुऱ्याउँदै गुणस्तरीय शिक्षा प्रदान गर्न गाउँपालिकाका २ वटा विद्यालय रिडी माध्यमिक विद्यालय र ज्ञवा बलेटक्सार मा.वि. मा २ वटा इलेक्ट्रिक सवारी साधन गत आर्थिक बर्षमा अनुदान दिइएकोमा चालू आ.व. मा थप दुई ओटा (रुरुक्षेत्र गाँउपालिका र भरतपुर महानगरपालिकाको साझेदारीमा १ ओटा) विद्यालयहरुलाई सवारी साधन खरिदमा अनुदान दिने प्रकृया अगाडि बढाईएको ।

- गाउँपालिकामा सुविधा सम्पन्न विद्यालय भवनहरु निर्माण गर्ने नमूना विद्यालय बनाउने अभियान संचालन गर्दै गुणस्तरीय शिक्षण सिकाईको लागि सूचना प्रविधि मैत्री शिक्षाको कार्यक्रमहरु संचालन गरिएको ।
- शिक्षाको गुणस्तर सुधार र विकासको लागि विद्यालय व्यवस्थापन समिति, प्राधानाध्यापक, शिक्षक, अभिभावक तथा सम्बद्ध सरोकारवालाहरुसँग नियमित रुपमा आवश्यक संवाद, छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिएको ।
- गाउँपालिकामा खेलकुदको विकास गर्न गाँउपालिकास्तरिय "सातौं पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता" सम्पन्न गरिएको । साथै खेलकुद कृयाकलापलाई नियमित रुपमा संचालन गर्न अध्यक्षकप खेलकुद प्रतियोगिता संचालनका लागि प्रस्तावना माग गरिएको ।
- गाउँपालिकाका नागरिकहरुलाई रोजगारीमा आवद्ध गराउन तथा सरकारी सेवा प्रवेशमा जागरुग गराउन लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षा संचालनको लागि आवश्यक व्यवस्था मिलाईएको ।
- अटिजम भएका बालबालिकाहरुको शैक्षिक कृयाकलाप संचालनको लागि अटिजम पाठशाला पूर्वाधार विकासका कार्यहरु गरिएको ।
- विद्यार्थिको क्षमता अभिवृद्धिको लागि अतिरक्त क्रियाकलाप संचालन गरिएको जसअन्तर्गत यस आ.व. मा कक्षा ९-१२ को पालिकास्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरिएको ।
- उच्च शिक्षामा महिलाको पहुँच अभिवृद्धि गर्नका लागि स्नातक तहमा अध्ययन गर्ने छात्राहरुको लागि छोरी बुहारी छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको ।
- क्रिकेट खेल प्रतिको बढ्दो आकर्षणलाई मध्यनजर राख्दै पालिका स्तरिय क्रिकेट बन्द प्रशिक्षण कार्यक्रमको लागि प्रक्रिया अगाडि वढाइएको ।
- प्रविधिमैत्री शिक्षालाई थप व्यवस्थित गर्न प्रदेश सरकारबाट विनियोजित बजेटबाट E-Bid मार्फत स्मार्ट वोर्ड खरिद गरिएको ।

**(ङ) सामाजिक समावेशीकरण:**

- गाउँपालिकामा आफ्नो विकास आफ्नै लागि/ हामो विकास हाम्रै लागि भन्ने सोच अभिवृद्धि गरी टोलमा हुने विपद व्यवस्थापन, घरेलु तथा लैङ्गिक हिंसा, वातावरण संरक्षण अन्ध विश्वास तथा कुरुतीहरुलाई हटाई सभ्य समाज सिर्जना गर्न तथा वडा कार्यालयको सहयोगी संस्थाको रुपमा संस्थालाई जिवन्त राख्न टोल विकास संस्थालाई सुदृढीकरण गर्ने कार्य गरिएको ।
- गाउँपालिकाका नागरिकहरुले गुणस्तरीय खाद्य पदार्थ उपभोग गर्न पाउने हक स्थापित गर्न नियमित रुपमा बजार अनुगमन गर्ने प्रबन्ध मिलाईएको छ । बजार अनुगमन, मूल्य सूची र आपुर्ति व्यवस्था

सहज बनाउन उद्योग वाणिज्य संघ तथा नागरिक समाजसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको ।

- गाउँपालिकाका न्यूनतम विद्युत उपभोग गर्ने सम्पूर्ण घरपरिवारलाई विद्युतको न्यूनतम महशुल गाउँपालिकाबाट भुक्तानी गरिएको र लिफ्टिङ्ग खानेपानी योजनाहरुमा विद्युतको कारणबाट महशुल महङ्गो भएका आम नागरिकको गुनासोलाई सम्बोधन गर्दै लिफ्टिङ्ग खानेपानीको महशुलमा अनुदान दिइएको ।
- गाउँपालिकामा "एक घर एक धारा" अभियान अन्तर्गत विभिन्न खानेपानी योजना संचालन गरि निकट भविष्यमा "एक घर एक धारायुक्त" गाउँपालिका घोषणाको लागि आवश्यक तयारी गरिएको साथै खानेपानी र सरसफाईलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाको WASH Plan अद्यावधिक गरिएको ।
- राज्यबाट प्राप्त हुने सेवा सुविधाबाट बन्चित हुन नपरोस् तथा अपाङ्ग परिचय पत्र प्राप्त गर्न वडा तथा गाउँपालिकामा आउने जाने कार्य गर्दा नागरिकलाई कष्ट भएको महशुस गरी क र ख वर्गमा पर्ने अपाङ्गता भएका नागरिकहरुको आवश्यकतानुसार घरघरमा गई अपाङ्ग परिचय पत्र वितरण गर्ने कार्य गरिएको ।
- गाउँपालिकाको भाषा, संस्कृति, परामपरागत झाँकीहरुलाई संरक्षण तथा संबर्धन गर्न आवश्यक व्यवस्था मिलाईएको ।

**(ख) आर्थिक विकास तर्फः**

**कृषि तथा पशुपालनः**

- गाउँपालिकाका नागरिकहरुलाई कृषिमा प्रोत्साहन गर्दै कृषिमा आत्मनिर्भर बन्न तथा प्रविधि मैत्री कृषि प्रणालीलाई प्रोत्साहन गर्न कृषकको मागको आधारमा विभिन्न कृषि सामग्रीहरु अनुदानमा वितरण गर्न आवश्यक व्यवस्था मिलाईएको ।
- कृषि तथा पशु विकास शाखामा कृषकको माग अनुसार आवश्यक पर्ने कृषि विषादी तथा ल्याव सामाग्रीहरु र पशु औषधीहरु खरिदको लागि बोलपत्र आह्वान गरि सम्झौता गरिएको ।
- कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरणको लागि अन्य स्थानीय तह तथा संघ संस्था र सहकारीहरुसँग समन्वय र सहकार्य गरी बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाईएको ।

- गाउँपालिकामा हेफर प्रोजेक्ट नेपालको प्राविधिक सहयोग तथा गाउँपालिकाको लगानीमा वडा नं. ४ दार्सिङ्गबासमा संचालनमा रहेको गुण प्रशोधन केन्द्रबाट यस गाउँपालिकाको पहिचानको रुपमा रहेको उखुबाट गुड लगायत अन्य वस्तुहरु उत्पादन गरी ब्राण्डिङ, प्याकेजिङ्ग र लेबलिङ गरी बजारीकरण गर्ने कार्य संचालनमा रहेको ।
- बाँदर/बदेल लगायतका वन्यजन्तुहरुबाट कृषकहरुलाई परेको समस्यालाई न्यूनिकरण गर्नको लागि आवश्यक व्यवस्था मिलाई स्थानीय रोजगारी सृजना गरिएको ।
- गाउँपालिकामा गरिबी निवारणका लागि दीर्घकालिन परियोजना संचालन गर्ने तथा कृषकहरुले उत्पादन गरेका विभिन्न वस्तुहरुको बजारीकरण गर्ने कार्यको लागि संघ संस्थाको साझेदारीमा रुरुक्षेत्र कृषि परियोजना संचालन गरि बजारीकरणको आवश्यक व्यवस्था मिलाईएको छ ।
- कृषि क्षेत्रलाई आधुनिकिकरण गर्न गाउँपालिकाले अवलम्बन गरेका कार्यक्रमहरु वास्तविक कृषक सम्म पुर्याउन कठिनाई रहेको । गाउँपालिकाका वास्तविक व्यवसायिक कृषक पत्ता लगाई कृषिमा गरिएको लगानीबाट व्यवसायिक कृषि प्रवर्द्धन गरिएको साथै कृषि परियोजना संचालन भए पश्चातको विवरण देहाय बमोजिम रहेको छ ।
    - सहकारी मार्फत दुध विक्री बार्षिक ३ लाख ६३ हजार ३४० लिटर बाट बृद्धि भई ४ लाख ८२ हजार ९३३ लिटर पुगेको ।
    - ७७ वटा समुहमा २१९२ घरधुरी आवद्ध गरी नियमित बैठक, मासिक बचत, तालिम सञ्चालन गरीएको छ । हालसम्म ७७ समुहमा बचत रकम रु. ७६,२३,२५० भएको ।
    - ४ वटा महिला उद्यमी सहकारीलाई एकिकरण गरी एकीकृत रुपमा "एकता महिला उद्यमी बहुउद्देश्यीय सहकारी संस्था लि." बनाइएको ।
    - ११२ घरधुरी विपन्न बोटेमाझी, गन्दर्भ र दलित समुदायलाई परियोजनामा आबद्ध गरी आर्थिक तथा सामाजिक सशक्तिकरणको कार्यक्रमहरु सञ्चालन भइरहेको जसले गर्दा सदस्यहरुमा सामुहिक भावना र सामाजिक पुँजिको विकास भएको छ ।
    - थप करिब ५०० रोपनी क्षेत्रफलमा उँखु खेति बिस्तार गर्नका लागि कृषकसँग निवेदन माग गरि प्रक्रिया अगाडि बढाइएको ।
    - नयाँ ब्यवसायको रुपमा उच्च मुल्य कृषि बाली अन्तर्गत अकबरे खुर्सानी र मेवा खेती गत आ.व. देखि नै सुरु गरिएकोमा यस आ.व. मा वडा नं. २ याङुङमा ५० रोपनी क्षेत्रफलमा गाजर खेतिको सुरुवात गरिएको ।
    - मासुमा आत्मनिर्भर गाउँपालिका रहेकामा यस आ.व. को दशै तिहारमा खसि बोकाको बजारीकरण अभियान अन्तर्गत विभिन्न समूहबाट ५७७ वटा खसि बोकाहरु जिंउदो तैल गरि निर्यात गरिएको ।

- बम्घा बहुउद्देश्यीय सहकारी संस्थाले गाइ भैसिको लागि दाना उत्पादन गरि उपभोग तथा बढि भएको परिमाण विक्री वितरण गरिरहेको ।

- गाई भैंसी पालक कृषकहरुका गाई भैंसीका नश्ल सुधारका लागि निःशुल्क रुपमा AI मिसन कार्यक्रमको व्यवस्था निरन्तर रुपमा मिलाइएको ।
- कृषकसँग प्राविधिक कार्यक्रम संचालन गर्दै किसानको गोठ गोठमा पुगेर किसानका पशुको उपचार, निःशुल्क औषधि र परामर्श दिने कार्य गरिएको ।
- खुर फाटेका पशुहरुमा लाग्ने महामारीजन्य खोरेत रोगलाई नियन्त्रण गर्नका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँगको सहकार्यमा पालिका भित्र रहेका सबै पशुहरुमा निःशूल्क रुपमा खोरेत विरुद्धको खोप लगाइएको ।

**(ग) भौतिक पूर्वाधार विकास तर्फः**

- गाउँपालिका भित्र नयाँ सडक विस्तार भन्दा संचालनमा रहेका सडकहरुलाई स्तरोन्ती गर्ने कार्यलाई प्राथमिकता दिई कार्यक्रम अगाडि बढाईएको छ । गाउँपालिकाको मुख्य प्राथमिकता वडा पहुँच मार्ग रहेको हुँदा सडकहरुलाई बाह्रै महिना संचालन गर्ने गरी मर्मत संभार गर्दै जटिल स्थानहरुमा सडक ढलान समेतका कार्यहरु गरि सडक सुधार गरिएको ।
- गाउँपालिकाका सडक निर्माण तथा अन्य पूर्वाधार निर्माण र मर्मत संभारको आवश्यक कार्य गर्न गाउँपालिकाको आफ्नै हेभी इक्यूप्मेन्ट व्याको लोडर खरिद गरि गत आर्थिक वर्ष देखि नियमित सडक मर्मत संभार सम्बन्धी कार्य गाउँपालिकाको मेशिनबाट गरिएको छ ।
- संघीय समपूरक योजना अन्तर्गत गाँउपालिकाको छुट्टै भौगोलिक क्षेत्रको रुपमा रहेको वडा नं. १ को भट्कुवामा सडक पहुँचको लागि बहुवर्षिय योजना अन्तर्गत एक्लेपिपल-भट्कुवा-जौखोला आयोजनाका लागि रु ७ करोडको लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरिएकोमा रु ४ करोड ३२ लाखमा योजना सम्झौता गरि गाउँपालिकाकै गौरवको रुपमा रहेको उक्त आयोजना निर्माणको प्रारम्भ भएको ।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको साझेदारीमा निर्माण हुने योजनाको लागि LISP परियोजनाको रु २ करोड ९९ लाख र गाँउपालिकाको साझेदारी रकम रु १ करोड १ लाख गरी रु ४ करोड बजेटमा संघीय सशर्त अनुदानका दुई ओटा योजनाको रु ९५ लाख समेत समावेश गरी धोविघाट-रिमुवा-रुद्रवेणी सडकमा रु ४ करोड २० लाख र अन्य ५ वटा वडामा १/१ वटा सडक आयोजना छनौट गरी रु १५ लाखका दरले रु ७५ लाख विनियोजन भएकोमा ठेक्का सम्झौता भई निर्माण कार्य प्रारम्भ भएको । उक्त परियोजनाबाट

टेण्डरको क्रममा बचत रहेका रकम रु १ करोड ५ लाखमा गाँउपालिकाको तर्फबाट रु ६० लाख श्रोत सुनिश्चितता गरि थप दुई ओटा आयोजनाको निर्माण कार्य अगाडी बढाइनेछ ।

- गाउँपालिकामा विद्यालय भवन निर्माण, विद्यालय भवनसम्मको सडक पहुँचको स्तरोन्नती, चौतरा-नेटा-लोक्मा सडक स्तरोन्तरी, विभिन्न सिंचाई योजना, रुरुक्षेत्र वृहत खानेपानी योजना, विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरुको निर्माण लगायतका विभिन्न योजनाहरु संचालन गरिएको ।
- गाउँपालिकामा उत्पादित कृषि उपजहरुलाई लामो समय सम्म प्रयोग गर्न मिल्ने गरी गाउँपालिकाको वडा नं. १ मा वहुउद्देश्यिय चिस्यान केन्द्र निर्माणको कार्य भईरहेको छ ।
- गाउँपालिकाका खेलाडिहरुको क्षमता विकासको लागि खेलकुद कार्यक्रममा सहभागीताको लागि खेलाडिहरुलाई प्रतिस्पर्धामा पठाउने तथा समग्र खेलकुद विकासको लागि गाउँपालिकाको वडा नं. १ र ४ मा रहेका खेलमैदानहरुलाई पूर्वाधारयुक्त बनाउनको लागि संघ तथा प्रदेश सरकारसँग खेलमैदानमा पूर्वाधार निर्माणको लागि आवश्यक पहल गरिएको ।
- पवित्र धार्मिक स्थल रिडीको वृहत्तर विकासको लागि तयार गरिएको योजना बमोजिम कालिगण्डकी बगरमा व्यवस्थित शवदाह गृह निर्माणको लागि गत आ.व. मा कार्य प्रारम्भ भएकोमा चालू आ.व मा पनि गुल्मी जिल्लाका रेसुङ्गा न.पा., गुल्मीदरबार गा.पा., छत्रकोट गा.पा. र अर्घाखाँची जिल्लाको छत्रदेव गा.पा. हरुको रु १० लाखका दरले रु ४० लाख र रुरुक्षेत्र गा.पा. को थप रु १० लाख गरी रु ५० लाख बराबरको निर्माण कार्य अगाडी बढाइने ।
- यस क्षेत्रकै धार्मिकस्थल रिडीको कालिगण्डकीमा यसको धार्मिक महत्व बढाउँदै धार्मिक पर्यटन विकासको लागि साँझको समयमा कालिगण्डकीमा नियमित आरतीको लागि आवश्यक बजेटको व्यवस्थापन गरीएको छ साथै गाउँपालिकाको धार्मिक, पर्यटकिय र ऐतिहासिक स्थलहरुको संरक्षण तथा पूर्वाधार निर्माण गर्ने कार्य गरिएको ।
- गाउँपालिकामा साना उद्योगहरु संचालन गर्न तथा छरीएर रहेका उद्योगहरुलाई एकीकृत गर्न गाउँपालिकाको वडा नं. ४ को देउडाँडामा औधोगिकग्राम निर्माणको कार्य संचालनमा रहेको ।
- गाउँपालिकाको वडा नं. ३ को फलाटे र वडा नं. १ को भट्कुवालाई जोड्न तथा पर्यटन विकासको लागि झोलुङ्गे पुल निर्माणको कार्यमा गाँउपालिकाले सहजिकरण गरिरहेको ।
- रुरुक्षेत्र गाउँपालिका र स्याङ्जाको कालिगण्डकी गाउँपालिकाको साझेदारीमा रिडीबजारको पर्यटन क्षेत्रमा कार्य गर्न साहसिक खेल जिपलाईन निर्माणको लागि बजेट व्यवस्थापनको लागि दुबै गाउँपालिकाको छलफल भैरहेको ।
- रुरुक्षेत्र गाउँपालिकालाई सुखी र समृद्ध गाउँपालिका निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी पूर्वाधार निर्माणको लागि आवश्यतानुसार बजेट ल्याउने कार्य गरिएको ।

**घ) सुशासन तथा संस्थागत विकासः**

- सबल, सक्षम र सुशासनयुक्त स्थानीय सरकारको नीति अवलम्बन गर्दै भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिई नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाईएको ।
- गाउँपालिकाको संस्थागत विकास गर्दै अब्बल गाउँपालिकाको रुपमा स्थापित भई देशभरका गाउँपालिकाहरु मध्येबाट दोस्रो स्थान तथा लुम्बिनी प्रदेशमा पहिलो स्थानमा पर्न सफल भएको ।
- गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पादन गर्न, कर्मचारीलाई जवाफदेही बनाउन, कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाउन अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरुको कार्य सम्पादन करार सम्झौता गरिएको साथै शाखा प्रमुखले आफू मातहतका कर्मचारीसँग कार्य सम्पादन करार सम्झौता गरी कार्ययोजना अनुसार नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको ।
- जनतालाई स्थानीय सरकारको सेवा सहज र सरल बनाउन गत वर्ष देखि सबै वडाबाट व्यवसाय नविकरणको कार्य गर्न वडा सचिवलाई अधिकार प्रत्यायोजन गरिएको ।
- गाउँपालिकाको गतिविधिहरुलाई डिजिटल सूचना पाटी, मोबाईल एप्स, सामाजिक सञ्जाल, एस.एम.एस. तथा वेबसाईट मार्फत सार्वजनिक गरी नागरिकको सूचनाको हकलाई सुनिश्चित गराउँदै गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी बनाउँदै नागरिकहरुको घरघरमा सूचना प्रवाह हुने व्यवस्था मिलाईएको छ ।
- हाल ६ वटै वडा कार्यालयहरुमा आवश्यक कर्मचारीहरुको व्यवस्थापन गर्दै वडा कार्यालयहरु सञ्चालन गरी नागरिकको सेवा प्रवाह सम्बन्धीका कार्यहरु भैरहेका छन् । रिक्त पदहरुको वैकल्पिक व्यवस्था गरीएको तथा लोकसेवा आयोगमा पदपूर्तिको लागि आवश्यक प्रकृया अगाडि बढाई पदपूर्ति हुने क्रममा रहेको ।
- नागरिकहरुलाई केन्द्रमा राखी प्रभावकारी सेवा प्रवाह मिलाउन कर्मचारीहरुको कार्य सम्पादनको आधारमा मुल्याङ्कन गरी प्रोत्साहन गर्न तथा नियमित सेवा प्रवाहमा खटिने व्यवस्था मिलाउनको लागि आवश्यक व्यवस्था गरिएको ।
- नागरिकको घरदैलोमा गाउँपालिकाको सेवा प्रवाह उपलब्ध गराउने योजना अन्तरगर्त विभिन्न प्रकारका सेवाहरु सहित एकीकृत घुम्ति सेवा माघ महिनामा गरिनेछ ।
- अबको स्थानीय सरकारको सेवा जनताको घरदैलोमा हुनु पर्छ भन्ने मान्यतालाई मनन् गर्दै वडा नं ६ बाट घर घरमा गई मृत्युदर्ता प्रमाणपत्र वितरण गर्ने कार्य निरन्तर रुपमा रहेको साथै सामाजिक सुरक्षा भत्ता नविकरणको लागि वडा नं. ५ बाट बुटवलमा १ दिने सिविर संचालन गरिएको ।

## अनुसूचीः १ (क)

### संशोधन तथा रकमान्तरको लागि पेश भएका योजना तथा कार्यक्रमहरुः

| क्र.सं. | साविक योजना तथा कार्यक्रमको नाम | रुकम रु. | क्र.सं. | कायम गर्नुपर्ने योजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | एक्लेपिपल-भट्‌कुवा-जौखोला मोटर बाटो कालोपत्रे | १५०००००० | १ | एक्लेपिपल-भट्‌कुवा-जौखोला मोटर बाटो कालोपत्रे | ८७००००० |
| २ | १५ शैया अस्पतालको मूल्य समायोजन तथा व्यवस्थापन | ११०००००० | २ | १५ शैया अस्पतालको मूल्य समायोजन तथा व्यवस्थापन | ५००००००० |
| ३ | साइलेज तथा दाना उत्पादन मेसिन अनुदान | ७००००० | ३ | ५०% अनुदानमा मिनि टिलर वितरण कार्यक्रम | ७००००० |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ३५००००० | ४ | वन वातावरण तथा विपद् व्यवस्थापन कोष | २०००००० |
| ५ | भुसुना, लामखुट्टे नियन्त्रण कार्यक्रम, वडा नं. १ | ५०००० | ५ | स्यालपोखरी पैरा पैदलमार्ग सिढि निर्माण वडा नं. १ | ५०००० |
| ६ | वडा कार्यालय संचालन तथा मेसिनरी औजार, वडा नं. १ | १००००० | ६ | औषधि खरिद | ६००००० |
| ७ | मनकामना आमा समुह ट्रस्ट निर्माण वडा न. ४ | १५०००० | ७ | मनकामना आमा समुह ट्रस्ट निर्माण वडा नं. ४ | ५००००० |
| ८ | विद्यालय सवारी साधन खरिदमा अनुदान | ४०००००० | ८ | लागत साझेदारीमा सवारी साधन खरिद जनबोध मा. वि. | ३०००००० |
| ९ | पूर्वाधार ल्याव निर्माण | ६००००० | ९ | कालिका मालिका मन्दिर वडा नं ४ | ११८०००० |
| १० | अवलोकन भ्रमण | ४००००० | १० | अवलोकन भ्रमण | १००००० |
| ११ | लिफ्टिङ खानेपानी विद्युत महसुल अनुदान | २०००००० | ११ | लिफ्टिङ खानेपानी विद्युत महसुल अनुदान | ३०००००० |
| १२ | धार्मिक मेला महोत्सव | ३००००० | १२ | धार्मिक तथा पर्यटन प्रर्वद्धन कार्यक्रम | ३००००० |
| १३ | ज्ञवा मा.वि र रिडी मा.वि लाई व्यवस्थापकीय अनुदान | १०००००० | १३ | गत बर्षको विद्युतीय गाडीको भुक्तानी बाँकी ज्ञवा मा.वि. र रिडी मा.वि. लाई ५ लाखका दरले भुक्तान गर्ने | १०००००० |
| १४ | साविक वडा नं. ५ खा.पा. व्यवस्थापन, वडा नं ६ | २००००० | १४ | सानगौडा तिनदैला मो.वा. वाल निर्माण, वडा नं ६ | २००००० |
| १५ | झान्द्रेक टोल मेसिनरी वाल निर्माण, वडा नं. ६ | १००००० | १५ | झान्द्रेक टोल घोडेटो बाटो निर्माण | १००००० |
| १६ | कर्मचारी पारिश्रमिक | १७४०००००० | १६ | कर्मचारी पारिश्रमिक | १५४०००००० |
| १७ | नगर प्रहरी तलव भत्ता र पोशाक खर्च समेत | १२००००० | १७ | नगर प्रहरी तलव भत्ता र पोशाक खर्च समेत | ९५५००० |
| १८ | करार सेवा शुल्क (करार कर्मचारी पारिश्रमिक) | ८०००००० | १८ | करार सेवा शुल्क (करार कर्मचारी पारिश्रमिक) | १०००००००० |
| १९ | पूँजिगत परामर्श खर्च | ४००००० | १९ | ढुङ्गा, गिट्टि, बालुवा उत्खननको लागि IEE निर्माण | ५००००० |
| २० | सवारी साधन | ४००००० | २० | धोविघाट रिमुवा सडक DPR निर्माण | ३००००० |
| २१ | वखर वजादी वकेनडाँडा मो.वा. मा होमपाइप निर्माण, वडा नं. ६ | २००००० | २१ | वखर वजादी वकेनडाँडा मो.वा. व्यवस्थापन, वडा नं. ६ | २००००० |
| २२ | अन्तर्राष्टिय नारि दिवस वडा स्तरीय | १८०००० | २२ | फल्चा मर्मत वडा नं १ | १८५००० |
| २३ | पर्यटन प्रवर्द्धन कार्यक्रम | ४००००० | २३ | पर्यटन प्रवर्द्धन कार्यक्रम | ५५०००० |
| २४ | बजार अनुगमन | २००००० | २४ | बजार अनुगमन | १००००० |
| २५ | रुरु कृषि परियोजना साझेदारी कार्यक्रम | ५५००००० | २५ | रुरु कृषि परियोजना साझेदारी कार्यक्रम | ४८००००० |
| २६ | जग्गा भाडामा लिएर खेति गर्ने किसानलाई भाडामा अनुदान कार्यक्रम | २००००० | २६ | जग्गा भाडामा लिएर खेति गर्ने किसानलाई भाडामा अनुदान कार्यक्रम | ३००००० |
| २७ | कृषकलाइ उत्पादन आधारित अनुदान कार्यक्रम | २१००००० | २७ | कृषकलाइ उत्पादन आधारित अनुदान कार्यक्रम | १७००००० |
| २८ | पशु औषधी खरिद | ६००००० | २८ | पशु औषधी खरिद | ४००००० |
| २९ | औषधी उपचार खर्च | १००००० | २९ | उन्नत बिउ विजन वितरण कार्यक्रम | ५०००० |
| ३० | बैंक ऋणबाट खेति गर्ने किसानलाइ ब्याजमा सहुलियत | २००००० | ३० | बैंक ऋणबाट खेति गर्ने किसानलाइ ब्याजमा सहुलियत | ९३०००० |
| ३१ | उखु प्रवर्द्धन कार्यक्रम | ९५०००० | ३१ | उखु प्रवर्द्धन कार्यक्रम | १२००००० |
| ३२ | क्रिकेट बन्द प्रशिक्षण कार्यक्रम (पालिकास्तर) | २००००० | ३२ | पशु भ्याक्सिनेटर परिचालन कार्यक्रम | १००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | शैक्षिक प्रोत्साहन कार्यक्रम (पालिका स्तर) | ३००००० | ३३ | विषयगत शिक्षक तालिम तथा परिक्षा संचालन | ३००००० |
| ३४ | छुवाछुत मुक्त दिवस पालिका स्तर र छुवाछुत मुक्त वार्ड घोषणा | २००००० | ३४ | छुवाछुत मुक्त दिवस पालिका स्तर र छुवाछुत मुक्त वार्ड घोषणा | ५०००० |
| ३५ | अध्यक्षकप खेलकुद प्रतियोगिता (पालिका स्तर) | ३००००० | ३५ | अध्यक्षकप खेलकुद प्रतियोगिता (पालिका स्तर) | ४५०००० |
| ३६ | घरभाडा | ५०००० | ३६ | घरभाडा | १००००० |
| ३७ | छोरी बुहारीलाई छात्रबृत्ती प्रदान गर्ने कार्यक्रम (पालिका स्तर) | ३००००० | ३७ | छोरी बुहारीलाई छात्रबृत्ती प्रदान गर्ने कार्यक्रम (पालिका स्तर) | ६००००० |
| ३८ | मेसिनरी तथा ओजार मर्मत सम्भार तथा संचालन खर्च | ५००००० | ३८ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | ७००००० |
| ३९ | सामाजिक सुरक्षा कोष | १००००० | ३९ | सामाजिक सुरक्षा कोष | ४००००० |
| ४० | विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम | ६००००० | ४० | विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम | ३००००० |
| ४१ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५००००० | ४१ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३००००० |
| ४२ | कार्यक्रम खर्च | ७००००० | ४२ | कार्यक्रम खर्च | ५००००० |
| ४३ | तालिम तथा गोष्ठी (मासिक/चौमासिक/बार्षिक समिक्षा समेत) | ४००००० | ४३ | तालिम तथा गोष्ठी (मासिक/चौमासिक/बार्षिक समिक्षा समेत) | २००००० |
| ४४ | करार अ.न.मी तथा कर्मचारीहरुलाइ नपुग तलब | ३००००० | ४४ | करार अ.न.मी तथा कर्मचारीहरुलाइ नपुग तलब | ० |
| ४५ | सवारी साधन मर्मत खर्च | १५००००० | ४५ | सवारी साधन मर्मत खर्च | १२००००० |
| | | | ४६ | लक्ष्मी आधारभूत विद्यालय भवन निर्माण, रुरुक्षेत्र ५ | ४६०००० |
| | | | ४७ | बगाउने झो पु मर्मत | २००००० |
| | | | ४८ | कभर्ड हल व्यवस्थापन रुरुक्षेत्र ५ | ५००००० |
| | | | ४९ | पिपलडाँडा शिवालय मन्दिर पौवा मर्मत | १५०००० |
| | | | ५० | कालिकाथान कछौटे उल्लिखोला फड्के निर्माण साझेदारी | १००००० |
| | | | ५१ | रुरुक्षेत्र श्रृङ्गेश्वर धाम पर्यटकिय क्षेत्र | ३००००० |
| | | | ५२ | वडा कार्यालय संचालन वडा नं. १ | ५०००० |
| | | | ५३ | खेलकुद सामाग्री वितरण वडा नं . १ | ५०००० |
| | | | ५४ | साझेदारीमा विद्युतीय चुलो वितरण कार्यक्रम | १२००००० |
| | | | ५५ | अन्य सामाजिक सुरक्षा सहायता | ७००००० |
| | | | ५६ | इन्धन कार्यालय प्रयोजन | ५००००० |
| | | | ५७ | विविध योजना संचालन | ५८५००० |
| | | | ५८ | साझेदारीमा कार्यक्रम संचालन | ८००००० |
| | | | ५९ | ब्याकअप खरिद जनबोध मा वि | ३५०००० |
| | | | ६० | साझेदारीमा अधुरो सवदाहघाट निर्माण | २१००००० |
| | | | ६१ | नागरिक सन्तुष्टी सर्भेक्षण कार्यक्रम | १००००० |
| | | | ६२ | LISP साझेदारी थप रकम | २०२०००० |
| | | | ६३ | वालक्लव तथा किशोरी संजाल पूर्नगठन तथा परिचालन व्यवस्थापन | १००००० |
| | | | ६४ | सनिसे तागला मो बा (सडक बोर्ड साझेदारी) | ३५०००० |
| | | | ६५ | भिमसेन मन्दिर निर्माण, वडा नं. ५ | ४५०००० |
| | | | ६६ | स्थानिय पाठ्यपुस्तक छपाई | १००००० |
| | | | ६७ | जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन कार्यक्रम खर्च | ३००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ६८ | भंन्ज्याङ्ग चिमालपोखरा सडक रुरुक्षेत्र २ गुल्मी फेज २ | २१४००० |
| | | | ६९ | बस्ती विकासका लागि सडक पूर्वाधार निर्माण कार्य दायित्व भुक्तानी फेज २ | ३८०००० |
| | | | ७० | वांहादी खोला व्याड माथी गैरा बजादी बास्पाटे पोखरा फेज २ | ७५००० |
| | | | ७१ | ठुलाचौर तलिगाउँ जोर्ते पोखरी सडक स्तरोन्नती फेज २ | १०५००० |
| | | | ७२ | नाच्नेडाँडा अधुरो ट्रस निर्माण, वडा नं. ४ | १८५००० |
| | | | ७३ | प्रहरी विट निर्माण, वडा नं. ४ | १००००० |
| | | | ७४ | भेडाबारी बेसिकाचौर सिंचाइ कुलो मर्मत, वडा नं. २ | १३६००० |
| | | | ७५ | तल्लो विरुवा फाँट सिंचाइ कुलो मर्मत, वडा नं. १ | १५०००० |
| | | | ७६ | अधुरो ज्ञवा पेट्रोलपम्प नाली निर्माण, वडा नं. ४ | १६०००० |
| | | | ७७ | रिडी खानेपानी योजना व्यवस्थापन, वडा नं. १ | ४००००० |
| | | | ७८ | घिउबेसी इन्टेक निर्माण, वडा नं. ४ | १००००० |
| | | | ७९ | खोल्टी पधेरा प्रतिक्षालय मर्मत सुधार, वडा नं. १ | ६०००० |
| | | | ८० | मेसिनरी उपकरण खरिद | ३००००० |
| | | | ८१ | तल्ला ग्वादी आधारभूत विद्यालय, रुरुक्षेत्र-२ | ५०००० |
| | जम्मा | ८३०८०००० | | जम्मा | ८३०८०००० |
| | | | | | |

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गतका योजनाहरुको शिर्षक तथा बजेट अनुसूचीः १(ख) मा संलग्न गरिएको छ । बजेटको श्रोत अनुसूची १(क) मा नै व्यवस्था गरिएको हुँदा अनुसुची १(ख) बाट थप श्रोतको दायित्व सिर्जना नहुने ।

## अनुसूचीः १ (ख)

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) अन्तर्गतका योजनाहरुलाई देहाय बमोजिम रकमान्तर गर्नुपर्ने:

| साविकको बजेट | | | | | संशोधित बजेट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | Initial Budget Allocation | | | | | Total Amount(LISP+LG) | | |
| S.N | योजनाहरूको नाम | LISP | LG | Total | S.N | योजनाहरूको नाम | LISP Final Amount | LG Final Amount(Co-Finance% of A+B+C) | Acutal Total Project Cost(LISP+LG)-(Budget Revision) |
| 1 | घोबिघाट- रिमुवा रुद्रबेणी सडक स्तरोन्नति, रुरुक्षेत्र ६ (संघीय सशर्त बजेटको रु ९५ लाख सहित) | 24293750 | 17,706,250.00 | 42,000,000.00 | 1 | घोबिघाट- रिमुवा रुद्रबेणी सडक स्तरोन्नति, रुरुक्षेत्र ६ (संघीय सशर्त बजेटको रु ९५ लाख सहित) | 15,231,664.33 | 18,508,822.55 | 33,740,486.88 |
| 2 | जोइका चौपारी-ठाडाबाटा एस (S) मोड सडक स्तरोन्नति, रुरुक्षेत्र १ | 1121250 | 378,750.00 | 1,500,000.00 | 2 | जोइका चौपारी-ठाडाबाटा एस (S) मोड सडक स्तरोन्नति, रुरुक्षेत्र १ | 726,916.44 | 253,318.26 | 980,234.70 |
| 3 | पुलकामुख बेलटारी मो. बा. ढलान, रुरुक्षेत्र २ | 1121250 | 878,750.00 | 2,000,000.00 | 3 | पुलकामुख बेलटारी मो. बा. ढलान, रुरुक्षेत्र २ | 710,939.02 | 583,696.01 | 1,294,635.04 |
| 4 | वर्राडाँडा पयक-हुलाक चौपारी चाउके फल्लेपिपल मो. बा. सडक स्तरोन्नति, रुरुक्षेत्र ३ | 1121250 | 378,750.00 | 1,500,000.00 | 4 | वर्राडाँडा पयक-हुलाक चौपारी चाउके फल्लेपिपल मो. बा. सडक स्तरोन्नति, रुरुक्षेत्र ३ | 840,000.07 | 292,726.02 | 1,132,726.09 |
| 5 | मुसिडाँडा चौपारी तल्लापोखरी हुँदै थापाटोल मो. बा. सडक स्तरोन्नति, रुरुक्षेत्र ४ | 1121250 | 378,750.00 | 1,500,000.00 | 5 | मुसिडाँडा चौपारी तल्लापोखरी हुँदै थापाटोल मो. बा. सडक स्तरोन्नति, रुरुक्षेत्र ४ | 842,317.87 | 293,533.74 | 1,135,851.61 |
| 6 | टाहाटिम-छाप-लोसे मो. बा. सडक स्तरोन्नति, रुरुक्षेत्र ५ | 1121250 | 378,750.00 | 1,500,000.00 | 6 | टाहाटिम-छाप-लोसे मो. बा. सडक स्तरोन्नति, रुरुक्षेत्र ५ | 866,409.02 | 301,929.10 | 1,168,338.12 |
| 7 | गाउँपालिका श्रोतबाट थप वेहोर्नुपर्ने | 0 | 5,952,282.43 | 5,952,282.43 | 7 | घोबिघाट- रिमुवा रुद्रबेणी सडक स्तरोन्नति, रुरुक्षेत्र ६, फेज-२ | 8,781,087.26 | 5,218,912.74 | 14,000,000.00 |
| | | | | | 8 | पुलकामुख वेलटारी मो. बा. ढलान, रुरुक्षेत्र २, फेज-२ | 1,900,666.00 | 599,334.00 | 2,500,000.00 |
| | | 29900000 | 26,052,282.43 | 55,952,282.43 | | | 29,900,000.00 | 26,052,272.43 | 55,952,272.43 |

निर्णय नं. २ : विधायन समिति संयोजक श्री ममता आत्रेयले पेश गर्नुभएको तपशिल बमोजिमका विधेयक र कार्यविधी छलफलको लागि सभा समक्ष पेश भएकोमा सभामा छलफल पश्चात सर्वसम्वतरुपमा सभाबाट पारित गरियो ।

क) रुरुक्षेत्र गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०८२

ख) गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यबिधि, २०८२

ग) सार्वजनिक निजी साझेदारी विधेयक, २०८२